# गरीवी निवारण कोष पत्रकारिता पुरस्कार अवधारण

गरीवी निवारण कोषले हाल ५५ जिल्लाका झण्डै ९ लाख घरधुरीलाई कार्यक्रममा समेटेको छ । १४ वर्षका स्थापना कालमा कोषले गरीवहरुको आय आजआर्जन, आत्मविश्वास र जिवनयापनमा सुधार ल्याएको विभिन्न अध्ययनहरुले समेत देखाएकाछन ।

स्थापना कालदेखिनै कोषका कार्यक्रमलाई सचार क्षेत्र लगायत विभिन्न निकाय र तहसंग काम गर्दै आएकोछ । कोषका कार्यक्रम र समग्र गरीवीको मुद्धाहरुलाई सचार क्षेत्रमा अझ वढी प्रकाशन तथा प्रसारण गर्ने पर्ने हालको महत्वपुर्ण आवश्यकता हो ।

## गरीवी निवारण कोष पत्रकारिता पुरस्कार

गरीवी निवारणसग सवन्धित उत्कृष्ट समाचार तथा फिचर लेखहरुलाई पुरस्कृत गर्ने उद्धेश्यले गरीवी निवारण कोषले **गरीवी निवारण कोष** पत्रकारिता पुरस्कारको स्थापना गरेकोछ । प्रिन्ट मिडीया तथा विद्युतिय गरि ४ फरक विधामा यो पुरस्कार प्रदान गरिनेछ ।

१. राष्टिय प्रिन्ट मेडिया(नेपाली ): नेपालवाट प्रकाशित हुने दैनिक, साप्ताहिक तथा पाक्षिक पत्रिकाहरुमा नेपाली भाषामा प्रकाशित समाचार अथवा फिचर लेख

२. राष्टिय प्रिन्ट मेडिया(अग्रेजी ): नेपालवाट प्रकाशित हुने दैनिक, साप्ताहिक तथा पाक्षिक पत्रिकाहरुमा अग्रेजी भाषामा प्रकाशित समाचार अथवा फिचर लेख

३. विद्युतिय सञ्चार माध्यम : टेलिभिजन,रेडियो र अनलाईन मार्फत प्रशारित तथा प्रकाशित समाग्री

४.स्थानीय प्रिन्ट मेडिया: मोहफसलवाट प्रकाशित हुने दैनिक, साप्ताहिक तथा पाक्षिक पत्रिकाहरुमा नेपाली भाषामा प्रकाशित समाचार अथवा फिचर लेख

सवै विधाको पुरस्कारका लागि रु ४०,०००(चालिस हजार रुपैयाँ) र सर्टिफिकेट प्रदान गरिनेछ । उक्त पुरस्कारको छनौटमा कोषले आर्थिक पत्रकार समाज संग सहकार्य गर्नेछ भने अक्टोवर १७ मा मनाईने गरीवी निवारण सवन्धी अन्तराष्टिय दिवस (International Day for Eradication of Poverty) को अवसरमा यो पुरस्कार प्रदान गरिनेछ ।

## उद्देश्य

१. गरीवीका समग्र मुद्धाहरु, सफलता र सिकाईहरुलाई आम सचारमा ल्याउनका लागि

२. गरिवी निवारण सम्वन्धी कोषले गरेको उपलव्धीलाई सञ्चार माध्यम मार्फत जनता समक्ष उजागर गर्नको लागी ।

३ देशभारका आर्थिक तथा विकास पत्रकारहरुलाई गरीवीको विषयमा समाचार सम्प्रेशण गर्न अभिप्रेरित गनी गर्नका लागी ।

## लेख रचना तथा पुरस्कार सम्बन्धि व्यबस्था

१. पुरस्कारका लागि आर्थिक बर्ष  २०७३/७४मा प्रकाशन तथा प्रसारण भएको हुनुपर्नेछ ।

२. विद्युतिय सञ्चार माध्यम (टेलिभिजन,रेडियो र अनलाईन) को लागि समाचार तथा कार्यक्रम प्रसारण भएको हुनुपर्नेछ ।

३. राष्टिय प्रिन्ट मिडिया नेपाली र अग्रेजी भाषामा समाचार हुनुपर्ने छ भने फिचर लेखका लागि  कम्तीमा सात सय (७००) शब्द हुनुपर्ने छ ।

४. मोफसलमै प्रकाशित हुने पत्रपत्रिका दैनिक,साप्ताहिक र पाक्षिक पत्रपत्रिकालाई समावेश गरिनेछ । साथै राष्ट्रिय दैनिकका क्षेत्रिय संस्करणहरुलाई मोफसलमै समावेश गरिनेछ